नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(स्थानीय प्रशासन फाँट)

०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या ०७६/७७
चलानी नं. :-

मिति :-२०७७/०१/२७

**विषय :-**

## निर्णय कार्यान्वयन सम्बन्धि अत्यन्त जरुरी सूचना

गृह मन्त्रालयको च.नं ३७३५ मिति २०७७/०१/२५ गतेको पत्रमार्फत प्राप्त कोभिड-१९ सम्बन्धि मं.प.बै.सं. ६/०७७, मिति २०७७/०१/२४ को मन्त्रिपरिषद्को बैठकको निर्णयहरु कार्यान्वयन गर्ने क्रममा यस जिल्लामा तपशिल बमोजिम गर्ने निर्णय भएकाले सोही अनुसार कार्यान्वयन गर्न र गराउन हुन सम्बन्धित सबैमा सुचित गरिन्छ ।

तपशिल -

१. निर्माण कार्य र निर्माण सामाग्री ढुवानीका लागि पालिकास्तरको आयोजनाको हकमा सम्बन्धित पालिकाहरुले र संघीय तथा प्रादेशिक आयोजनाहरुको हकमा जिल्ला प्रशासन कार्यालय, झापाले निम्न बमोजिमको न्यूनतम मापदण्ड पुरा गरी सञ्चालन/सवारी अनुमति/शिफारिस दिने व्यवस्था मिलाउने :

क) मजदुरहरुलाई अनिवार्य क्वारेन्टिनमा राख्ने व्यवस्था भएको हुनुपर्ने ।

ख) काम गर्दा सामाजिक दुरी कायम हुने व्यवस्था गर्नु पर्ने ।

ग) मास्क र हात धुने व्यवस्था अनिवार्य मिलाएको हुनु पर्ने ।

घ) मजदुरहरुलाई अनिवार्य परिचय-पत्र दिएको हुनुपर्ने ।

ङ) ढुवानीका साधनका चालक र सह-चालकको अनिवार्य परिचय-पत्र हुनुपर्ने र सो साधनले कुन ठाउँ देखि कुन योजनास्थलसम्म ढुवानी गर्ने हो रुट र गाडी नम्बरसमेत अनिवार्य रुपमा उल्लेख हुनुपर्ने ।

च) योजनाको नाम र योजनास्थल अनिवार्य खोलेको हुनुपर्ने ।

२. नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०१/२४ को निर्णय अनुसार चामल, दाल तेल, चिउरा, चिनी, विस्कुट, पाउरोटी, पिठो, चाउचाउजस्ता दैनिक उपभोग्य खाद्यबस्तु, पानी प्रशोधन, औषधी, स्वास्थ्य सामाग्री, साबुन उत्पादन र सोको प्याकेजिङ्ग सामाग्री उत्पादन गर्ने उद्योगहरु, ग्याँस बोटलिङ्ग,सिमेन्ट,डन्डिजस्ता निर्माणजन्य उद्योगहरु, घरेलु तथा साना उद्योगहरु तथा व्यवसायहरु सुचारु गर्ने । तपशिल बमोजिमको न्यूनतम मापदण्ड पुरा गरी त्यस्ता उद्योग तथा व्यवसायहरुलाई सञ्चालनको अनुमति सम्बन्धित पालिकाहरुले प्रदान गर्ने ।

क) कर्मचारी तथा मजदुरहरुलाई अनिवार्य क्वारेन्टिनमा राख्ने व्यवस्था भएको हुनुपर्ने ।

ख) काम गर्दा सामाजिक दुरी कायम हुने व्यवस्था गर्नु पर्ने ।

ग) मास्क र हात धुने व्यवस्था अनिवार्य मिलाएको हुनु पर्ने ।

घ) कर्मचारी तथा मजदुरहरुलाई अनिवार्य परिचय-पत्र दिएको हुनुपर्ने ।

ङ) ढुवानीका साधनका चालक र सह-चालकको अनिवार्य परिचय-पत्र हुनुपर्ने

(प्रमुख जिल्ला अधिकारी)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा
(.....स्थानीय प्रशासन.......... फाँट)
☎ ०२३- ४५५१२५ कार्यालय, ४५५०८८ फ्याक्स, ४५६१९१ कार्यालय, ४५६१९७ प्रजिअ आवास, ४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या ०७६/७७
चलानी न. :-

मिति :- २०७७/०१/२७

## विषय :-

३. गाउँपालिका तथा नगरपालिकाबाट हुने राहत सामाग्री कडाइका साथ एकद्वार प्रणाली मार्फत वितरण गर्ने । साथै राहत सामाग्री तोकिएको मापदण्ड र गुणस्तरको हुनुपर्ने ।

४. खाद्यान्य, मल, विउविजन, हार्डवेयर, इट्टा विक्रीकेन्द्रहरु, बैंक तथा वित्तीय संस्थाहरु, ग्यारेज तथा मोटरपार्ट पसलहरु विहान ८:०० वजे देखि दिउसो १२:०० वजेसम्म संघीय सरकारले तोकेको मापदण्ड पुरा गरी सञ्चालन गर्ने ।

५. **देहायका क्रियाकलाप गर्नका लागि प्रयोग हुने सवारीसाधनलाई सवारी पास आवश्यक नपर्ने तर त्यस्ता सवारी साधनहरुमा परिचय पत्र वाहक चालक तथा सहचालक वाहेक अन्यलाई यात्रा गराइएको पाईएमा कानुन बमोजिम कारवाही हुनेछ :-**

**क) कृषि तथा पशुपन्छी सम्बन्धी :**

१. खाद्यवस्तु र अन्य बाली लगाउने तथा पाकेको बाली भित्र्याउने कार्य ।
२. पशुपन्छी पालन, माछा पालन, कुखुरा पालन तथा विकी वितरण ।
३. फलफुल, तरकारी, दूध र दुग्धजन्य पदार्थको उत्पादन, सङ्कलन, भण्डारण र विकी वितरण ।
४. नर्सरीबाट बिरुवाको उत्पादन, घाँस तथा दाना उत्पादन र विकी वितरण ।
५. कृषि बिउ- बिजन उत्पादन, भण्डारण र विकी वितरण ।
६. शीत भण्डारण ।

**ख) स्वास्थ्य सेवा सम्बन्धी :**

१. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु, अस्पताल, नर्सिङ्ग होम पोलिक्लिनिक, ल्याब, डाइग्नोष्टिक सेन्टरहरुको सञ्चालन । सबै प्रकारका खोप लगायत अत्यावश्यक सेवाहरुको सञ्चालन ।
२. औषधी तथा स्वास्थ्य सामग्री र मेडिकल अक्सिजनको उत्पादन तथा विकी वितरण ।
३. औषधी पसलहरु (आयुर्वेद, होमियोप्याथिक समेत) को सञ्चालन ।
४. एग्रोभेट र भेटेरिनरी औषधी पसलहरुको सञ्चालन र तत् सम्बन्धी सेवा ।

**ग) ढुवानी सेवासम्बन्धी :-**

ढुवानी सेवाको साधनहरुलाई निसंकति गरी निसंकमण गर्ने निकायले जारी गरेको निस्सा साथमा राखी चालक तथा परिचालकको स्वास्थ्य जाँच सम्बन्धि भन्सार विन्दु र उद्योग प्रतिष्ठानहरुमा गर्ने व्यवस्था मिलाई देहायको ढुवानी साधनहरु गन्तव्य स्थलसम्म आवतजावत गर्न दिने ।

१. भन्सारबाट जाँचपास भई आएका, उद्योग प्रतिष्ठानबाट लोड लिई मालसामान बोकेको र मालसामान गन्तब्यमा पुऱ्याई फर्किने ढुवानीका साधनहरु
२. पानी, ग्याँस, पेट्रोलियम पर्दाथ बोकेका ढवानीको साधनहरु ।
३. औद्योगिक कच्चा पदार्थहरु र तयारी मालवस्तु बोकेको ढुवानीको साधनहरु

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(...स्थानीय प्रशासन... फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय, ४५५०८८ फ्याक्स, ४५६१९१ कार्यालय, ४५६१९७ प्रजिअ आवास, ४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या :०७६/७७
चलानी न. :-

मिति :- २०७७/०१/२७

## विषय :-

६. माथि उल्लेखित बुदाँहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि अर्को आदेश वा सूचना जारी नभएसम्म देहायका स्थान/स्थलहरु बन्द रहेनछन् र देहायका कियाकलापहरु सञ्चालन गर्न पाइने छैन ।

क) विश्वविद्यालय, क्याम्पस, विद्यालय लगायत सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु ।

ख) गैरखाद्य बस्तु विकी गर्ने व्यावसायिक मल, सिनेमा हल, पार्टी प्यालेस, फनपार्क लगायतका सार्वजनिक स्थलहरु ।

ग) सार्वजनिक जमघट, धार्मिक स्थलहरु (मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुरुद्वारा आदि) मा हुने भेला एवं धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु ।

घ) रङ्गशाला, खेलकुद स्थल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेस सेन्टर, सैलुन, ब्यूटीपार्लरहरु ।

ङ) होटल, वार, रेष्टुरेण्टहरु ।

च) स्थानीय प्रशासनबाट सवारी पास पाएका बाहेक सबै प्रकारका यात्रुबाहक सवारी साधनहरु ।

छ) १२ वर्ष मुनिका बालबालिका, अशक्त भएका व्यक्ति, बिरामी, ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिक र गर्भवती महिलाहरुको आवतजावत तथा हिँडडुलका गतिविधिहरु ।

ज) आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यवसायिक यात्रुबाहक हवाई उडान ।

झ) केवालकार सेवा र रेलवे सेवा ।

७. कुनै भू-भागमा संकमणको जोखिम देखिएमा वा समुदायस्तरमा उक्त संकमण विस्तार भएको पाइएमा उक्त क्षेत्र वा जिल्लाभर माथि उल्लेखित केही वा सबै क्रियाकलापहरु निश्चित अवधिसम्मका लागि स्थानीय प्रशासनले तत्कालै सञ्चालनमा रोक लगाउन सक्नेछ ।

सहायक प्रमुख जिल्ला अधिकारी